आमाछोदिङमो गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गोल्जुङबेसी, रसुवा ।

बागमती प्रदेश, नेपाल

**विनियोजन विधेयक, २०८२**

आमाछोदिङमो गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्था गर्न बनेको विधेयक, २०८२

**सभामा प्रस्तुत मितिः २०८२।०३।०७**

प्रस्तावनाः आमाछोदिङमो गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम आमाछोदिङमो गाउँपालिकाको दोस्रो गाउँसभाको अठारौं अधिबेशनबाट स्वीकृत गर्नका लागि यो विधेयक पेश गरेको छु ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम "आमाछोदिङमो गाउँपालिकाको विनियोजन विधेयक, २०८२" रहेको छ।

(२) यो विधेयक सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी मिति २०८२/०४/०१ देखि लागू हुनेछ ।

**२. आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त गाउँकार्यपालिका, वडासमिति, विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची (१) मा उल्लिखित चालु खर्च, पुँजिगतखर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३९,३९,३९,०००।- **(अक्षेरुपी उनन्चालिस करोड उनन्चालिस लाख उनन्चालिस हजार रुपैया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेसी रसुवा
बागमती प्रदेश, नेपाल

गा.पा अध्यक्ष

३. **विनियोजनः** (१) यस विधेयकद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त आमाछोदिङमो गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँसभा नबसेको अवस्थामा गाउँपालिकालाई कुनै रकम कुनै श्रोतबाट प्राप्त भएको अवस्थामा सो रकम कार्यक्रम बनाई गाउँकार्यपालिकाले निर्णय गरी खर्च गर्न सक्नेछ। यस्तो खर्च लगत्तै बस्ने गाउँसभाबाट अनुमोदन गराउनु पर्ने ।

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेंसी, रसुवा
बागमती प्रदेश, नेपाल

तामाङ
गा.पा अध्यक्ष

अनुसूचि– १

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु.हजारमा

| क्र.सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | ६९३१० | १४४६५७ | - | २१३९६७ |
| २ | | वडा समिति | २२०० | १८००० | - | २०२०० |
| ३ | | बिषयगत शाखा | १५१८६२ | ७९१० | - | १५९७७२ |
| ४ | | ऋणको सावा ब्याज भुक्तानी | - | - | - | - |
| ५ | | लगानी (शेयर/ऋण) | - | - | - | - |
| | | जम्मा | २२३३७२ | १७०५६७ | - | ३९३९३९ |

आमाछोदिङ्मो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोल्जुङबेंसी रसुवा बागमती प्रदेश, नेपाल

पुर्बुक तामाङ गा.पा. अध्यक्ष